# समुद्रीतट सुरक्षा

## नेपाली

SURF LIFE SAVING QUEENSLAND

Surf lifesavers and lifeguards prominently display flags and warning signs to indicate the safest areas to swim for the beach going public.

सर्फ लाईफसेभर तथा लाईफगार्डहरूले समुद्रतटमा जाने जनसाधारणहरूलाई लागि पौडी खेल्ने सुरक्षित क्षेत्र इङ्गित गराउने झण्डा तथा चेतावनी संकेतहरू देखिने गरि प्रदर्शन गरिरहेको हुन्छ।

The easy way to stay safe at the beach is to remember the 'FLAGS' message

**समुद्रीतटमा सुरक्षित रहने सबै भन्दा सजिलो तरिका फ्लाग अर्थात 'FLAGS' सन्देश सम्झने हो।**

**F**

Find the flags and swim between them

### झण्डा (फ्लाग) लाई खोज्नुस् र त्यसको बीच पौडी खेल्नुस्

रातो र पहेंलो झण्डाले लाईफसेभर तथा लाईफगार्डहरूले निगरानी राख्ने क्षेत्र प्रतिनिधित्व गर्छ। यसले समुद्रीतटमा पौडी खेल्ने सुरखित ठाउँको संकेट दिन्छ।

**L**

Look at and read the safety signs

### सुरक्षा संकेतहरू हेर्नुस् र पढ्नुस्

सुरक्षा संकेतहरुले तपाईलाई समुद्रीतटमा संभावित खतरा र दैनिक स्थिति पहिचान गर्न मद्दत गर्छ। यी संकेतहरू समुद्रतट जाने बाटोहरूमा र झण्डा गाडेको क्षेत्रहरूलाई राखेको हुन्छ। कृपया यसलाई पानीमा प्रवेश गर्नु अघि ध्यान दिएर पढ्नुहोस्।

**A**

Ask a lifesaver or lifeguard for some good safety advice

### लाईफसेभर तथा लाईफगार्डहरूसँग राम्रो सुरक्षा सल्लाह माग्नुहोस्

सर्फ अर्थात छालको अवस्थामा (पानीको गहिराई, धार, लहर, आकार र प्रकार) तुरन्तै परिवर्तन आउन सक्छ। पानीमा प्रवेश गर्नु अघि लाईफसेभर तथा लाईफगार्डहरूसँग सोध्नुहोस्।

**G**

Go swimming with a friend

### साथीसँग पौडी खेल्न जानुस्

सधैं साथीसँग पौडी खेल्नुस् ताकी  सुरक्षाको लागि एकले अर्का माथि नजर राख्न सकोस् र आवश्यक भएमा मद्दत माग्न सक्छन् । बच्चाहरु सधैं एक जना ठुलो मान्छेको निरीक्षणमा हुनुपर्छ।

**S**

Stick your hand up for help

### मद्दतको लागि आफ्नो हात उठाउनुहोस्

तपाईलाई पानीमा समस्यामा पर्नु भयो भने, शान्त रहनुहोस्। आफ्नो हात उठाउनुस् र मद्दतको लागि संकेत गर्नुहोस्, तैरनुहोस् र मद्दतको प्रतीक्षा गर्नुहोस्। छाल वा धार सँगै तैरनुहोस्। त्यसको विरुद्ध पौडी खेल्ने प्रयास नगर्नुहोस्।



**जहिले पनि केवल रातो र पहेंलो झण्डाको बीच मात्र पौडी खेल्नुहोस्।**



ALWAYS SWIM BETWEEN THE RED AND YELLOW FLAGS

BEACH SAFETY - Nepali

# समुद्रीतट सुरक्षा

## नेपाली

QUEENSLAND



Red and Yellow  Flags

### रातो र पहैंलो झण्डा

यसले पौडी खेल्ने सुरखित ठाउँको संकेट गर्छ जहाँ लाईफसेभर तथा लाईफगार्डहरूले निगरानी राखेको हुन्छ।



Yellow  Flag

### पहैंलो झण्डा

सावधान - अवस्था संभावित खतरनाक छ  तर पौडी खेल्न पर्याप्त सुरक्षित छ ।



Red Flag

### रातो झण्डा

खतरा – पानीमा प्रवेश नगर्नुहोस्।

जब रातो झण्डा उठाईएको हुन्छ, समुद्र तट पौडीको लागि बन्द गरिएको हुन्छ।



Red and White Quartered Flag

### रातो र सेतो चौथाई भएको झण्डा

आपतकालीन उद्धार - तुरुन्तै पानीबाट निस्कनुहोस्।
संभावित खतराका कारण पौडी खेलिरहेकाहरूलाई पानीबाट निस्कने संकेट गर्न यो झण्डा उठाईने र साथे सायरनको आवाज बजाईनेछ। प्राय:  परिस्थितिमा सामुहिक उद्धार गर्न वा खतरनाक समुद्री प्राणी देखापरेमा लाईफसेभर तथा लाईफगार्डहरू उपस्थित हुनेछ।



Black and White Flag

### कालो र सेतो झण्डा

बोर्ड खेल्ने क्षेत्र - छालमा खेल्ने सर्फ बोर्ड खेल्नेहरू रातो र पहेंलो झण्डा भन्दा बाहिर बस्नु पर्छ।



Dangerous currents

### खतरनाक धारहरु

खतरनाक धारहरु छन्।



Bluebottles

### ब्लू बोतल जीवहरु

पानीमा ब्लू बोतल जीवहरु छन्।



Marine stingers

### समुद्री ठुंग्ने जीवहरू (स्टिंगर)

पानीमा समुद्री ठुंग्ने जीवहरू (स्टिंगर) छन्।



High surf

### छाल (सर्फ) ठूलो छ

छाल ठूलो र खतरनाक छ वा त्यहाँ घाईते बनाउन सक्ने पछाड्ने छालहरू आईरहेको छ।



Crocodiles

### गोही

यस क्षेत्रमा गोही (हरू) क्षेत्रमा देखिएको छ।



No swimming

### पौडी खेल्न निषेध छ



Sharks

### शार्क

यस क्षेत्रमा शार्क (हरू) देखिएको छ।



Always swim between the red and yellow flags

### जहिले पनि केवल रातो र पहेंलो झण्डा बीच मात्र पौडी खेल्नुहोस्।